# फूड स्ट्याम्पस

केन्द्र (फेडरल) स्तरमा द सप्लिमेन्टल न्यूट्रिसन असिस्टेन्स प्रोग्राम (स्न्याप) भनी परिचित द जर्जिया फूड स्ट्याम्प प्रोग्राम केन्द्र सरकारको अनुदानमा सञ्चालित एक कार्यक्रम हो, जसले न्यून आयस्रोत भएका घरपरिवारलाई मासिक रुपमा खाद्यपदार्थ खरीद गर्न सहयोग गर्छ। घरपरिवार भन्नाले एक्लै बस्ने, परिवारमा वा परस्पर कुनै सम्बन्ध नभएका तर सँगै बसोबास गरी नियमित रुपमा खानेकुरा खरीद गर्ने र समूहमा पकाएर खानेहरू पर्न सक्छन।

फूड स्ट्याम्पस सुविधाका लागि जोसुकैले पनि आवेदन दिन सक्छन। यस कार्यक्रमले सीमित आय एवम् स्रोत भएका घरपरिवारलाई सहयोग गर्छ।

**स्न्याप सुविधाका लागि आवेदन कसरी दाखिला गर्ने ?**

**पहिलो कदम : तयार हुनुहोस्।**
कार्यक्रमका लागि आवश्यक योग्यतासम्बन्धी थप जानकारीका लागि यो दस्तावेज हेर्नुहोस्: **जर्जीयामा स्न्यापका सुविधा**

**दोस्रो कदम : सुविधाका लागि आवेदन भरी दाखिला गर्नुहोस्।**
कसरी आवेदन दिने :

१. आवेदन यहाँबाट डाउनलोड गर्नुहोस् :

अंग्रेजी

**अथवा**

तपाईंको स्थानिय डिएफसीएस कार्यालयमा गई कागजी आवेदन वा कस्टमर कन्ट्याक सेन्टर (फोन नम्बर 877 423 4746 मा सम्पर्क गरी आवेदन हुलाकमार्फत प्रेषित गरिदिन अनुरोध गर्न सक्नुहुनेछ।

परिवारको मुख्य व्यक्तिको नाम, ठेगाना, मिति तथा घरमुलीको वा अन्य परिवारको सदस्यको हस्ताक्षर भएको आवेदनलाई दाखिल भएको मानी डिपार्टमेन्टले ग्रहण गर्नेछ।

२. हुलाकबाट वा स्वयं उपस्थित भएर तपाईंले डिपार्टमेन्ट अफ फेमिली एण्ड चिल्ड्रेन सर्भिसेज (डिएफसिएस) अफिसमा आवेदन दाखिला गर्नुहोस्। तपाईंको लोकल काउन्टी अफिसमा जानकारीका लागि सम्पर्क गर्ने सूची यहाँ (here) प्राप्त गर्न सक्नुहुनेछ।

**तेस्रो कदम : अन्तर्वार्ता**

**तपाईंको आवेदन दाखिल भइसकेपछि,** तपाईं वा तपाईंको परिवारको एक सदस्यलाई डिएफसिएसबाट खटिएका एक कर्मचारीसमक्ष अन्तर्वार्ता दिनैपर्ने हुन्छ। अन्तर्वार्ता दिने व्यक्तिलाई तपाईंको परिवारको अवस्थाबारे ज्ञान हुनुपर्छ। फोन अन्तर्वार्ता आवश्यक हुन्छ।

**विशेष सूचना**

**गैर–भेदभावसम्बन्धि वक्तव्य**

फेडरल नागरिक अधिकार कानून तथा यू.एस. डिर्पाटमेन्ट अफ एग्रीकल्चर (यूएसडिए) नागरिक अधिकार नियमावली तथा नीतिका अनुसार, यूएसडिए, यसका एजेन्सी, अफिस, र कर्मचारीहरु तथा यूएसडिएको कार्यक्रममा सहभागी हुने वा कार्यान्वयन गर्ने संस्थालाई यूएसडिएद्धारा संचालित वा अनुदान गरिएको कुनै पनि कार्यक्रम वा क्रियाकलापले जाति, रंग, राष्ट्रियता, लिङ्ग, धर्म, अपाङ्गता, उमेर, राजनैतिक विश्वास, वा पूर्ववर्ती नागरिक अधिकारसम्बन्धी गतिविधिमा हिस्सा लिएको भनी कुनै पनि प्रकारको प्रतिशोध वा प्रतिकार गर्न निषेध गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरू, जसलाई कार्यक्रमबारे सूचना लिन वैकल्पिक सञ्चारमाध्यमको आवश्यकता पर्छ (जस्तैः ब्रेल, ठूलो अक्षरमा मुद्रित भएको दस्तावेज, अडियोटेप, अमेरिकन सांङ्केतिक भाषा, इत्यादि) उनीहरूले सुविधाका लागि आवेदन गरेको सम्बन्धित एजेन्सी ( स्थानिय वा राज्य) लाई सम्पर्क गर्नुपर्नेछ । कान नसुन्ने, कम सुन्ने वा मौखिक अपाङ्गता हुने व्यक्तिहरूले फेडरल रिले सर्भिस फोन नम्बर 800-877-8339 मार्फत यूएसडिएलाई सम्पर्क गर्न सक्नेछन । यसका अलावा, कार्यक्रमबारे सूचना अंग्रेजीबाहेक अन्य भाषाहरूमा समेत उपलब्ध छ ।

कार्यक्रममा भेदभाव गरिएको भनी उजुरी गर्न http://www.ascr.usda.gov/complaint_filing_cust.html मा उपलब्ध यूएसडिए कार्यक्रम भेदभाव उजुरी फाराम, (AD-3027) नामको यूएसडिए कार्यक्रम भेदभाव उजुरी फारममा माग गरिएको सबै सूचनाहरू प्रदान गरी कुनै पनि यूएसडिए अफिस, अथवा यूएसडिएको नाममा पत्राचार गर्नुहोस् । उजुरी फारामको एक प्रति माग गर्न फोन नम्बर 866-632-9992 मा सम्पर्क गर्नुहोस् । तपाईंको भरिएको फाराम वा चिठी यूएसडिएमा पठाउनुहोस् :

१) हुलाकबाटः U.S. Department of Agriculture
Office of the Assistant Secretary for Civil Rights
1400 Independence Avenue, SW
Washington, D.C. 20250-9410;

२) फ्याक्सः 202-690-7442 वा

३) इमेलः program.intake@usda.gov.

यो संस्था समान अवसर प्रदायक संस्था हो ।

तपाईंले DFCS Civil Rights Program, Two Peachtree Street, N.W., Suite 19-248, Atlanta, Georgia 30303 मा पत्राचार गरेर वा 404.657.3735 मा फोन गरेर वा 404-463-3978 मा फ्याक्स गरेर समेत भेदभावविरुद्ध उजुरी दायर गर्नसक्नुहुनेछ । अंग्रेजी भाषामा दखल कम भएकाहरू तथा इन्द्रियसम्बन्धी अपाङ्गता भएकाहरूले Two Peachtree Street, N.W., Suite 29-103 N.W., Atlanta, GA 30303 मा पत्राचार गरी वा 404-657-5277 मा फोन गरी वा 4046516815 फ्याक्स गरी The DHS Limited English Proficiency and Sensory Impaired Program मा सम्पर्क गर्न सक्छन ।

**अवाञ्छित फोन सम्पर्क गरिएको भन्ने सम्बन्धमा एफएनएसको सूचना**

स्न्याप टोल फ्रि सूचना हटलाइन नम्बर (SNAP toll free information hotline number): 1-800-221-5689 बाट अवाञ्छित फोन सम्पर्क गरिएको सूचना जनमानसबाट प्राप्त भएको छ। अवाञ्छित टेलिफोनकर्ताले स्न्यापको आवेदन भरिदिने वा आवास सुरक्षा प्रणालीजस्ता स्न्यापसँग असम्बन्धित सेवाहरूका लागि सहयोग गर्ने भन्दै व्यक्तिगत विवरणहरू माग्ने गरेका छन। अवाञ्छित टेलिफोनकर्तालाई आफ्नो व्यक्तिगत सूचना, तपाइको क्रेडिट कार्ड नम्बर कहिल्यै नदिनु होला। स्न्याप टोल फ्रि सूचना हटलाइन नम्बर भनी छलपूर्वक प्रयोग गर्ने यस्ता वाह्य निकायले एफएनएस वा स्न्यापबाट सम्बन्धन प्राप्त गरेका होइनन। 1800-221-5689 बाट गैरकानुनी टेलिफोन सम्पर्क गरिएको भनी तपाईंलाई शंका लागेमा तपाईंले एफसिसिसमक्ष उजुरी दायर गर्न सक्नुहुन्छ। तपाईं यस्तै वा अन्य यस्तै प्रकारको कुनै पनि ठगीको शिकार बन्नु भएको छ भने व्यक्तिगत पहिचानको चोरीबारे थप जानकारीका लागि यहाँ हेर्नुहोस्: http://www.ftc.gov/bcp/edu/microsites/idtheft/.